जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मिसेरा, बागलुङ

# अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन

आ.व. २०८०/०८१

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## १. पृष्ठभूमी:

जैमिनी नगरपालिकाबाट सञ्चालन गरिएका सबै आयोजना तथा कार्यक्रमहरु, नगरक्षेत्र विभिन्न सरकारी र गैरसरकारी निकायबाट सञ्चालित योजना कार्यक्रमहरुलाई लागत परिमाण, समयसीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन गठित अनुगमन तथा सहजीकरण समितिले चालु आ.व. ०८०/०८१ को यस अवधि सम्म सम्पादन गरेका कार्यहरुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. प्रतिवेदनको उद्देश्य:

१. नगरपालिका भित्र सञ्चालित सवै प्रकारका आयोजना कार्यक्रमबाट प्राप्त प्रतिफलको विश्लेषण गर्न सहयोग पुग्ने ।

२. स्वीकृत आयोजना र कार्यक्रमहरुलाई समयमै सम्पन्न गराउन तथा सञ्चालनको क्रममा देखिएका त्रुटीहरुलाई सच्चाउन सहयोग हुने,

३. आयोजनामा भएको खर्चको पारदर्शिता, उपभोक्ताहरुमा अपनत्व विकास गर्दै दीगो आयोजना सञ्चालनमा सहयोग पुऱ्याउने,

४. अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई आगामी नीति तथा कार्यक्रमबाट बजेट कार्यान्वयनको सन्दर्भमा लागु गर्न सहयोग हुने ।

## ३. प्रतिवेदनको अवधि:

आ.व. २०८०/०८१ को मिति २०८० श्रावण १ गते देखि २०८१ आषाढ ५ सम्म

## ४. अनुगमनको विधि:

१. स्थलगत अनुगमन

२. लक्षित वर्ग/समूह वा जानिफकारसँगको भेटघाट र छलफल

३. लाभान्वित वर्ग र सरोकारवालासँग बैठक

४. लागत अनुमान र कार्यप्रगतिको लेखाजोखा

५. प्राविधिक नापजाँच र परीक्षण

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

६. वडास्तरीय अनुगमन समितिसँग समन्वय र छलफल

## ५. अनुगमनका सीमा

१. एउटै समयमा अनुगमन समितिको सबै पदाधिकारीहरु सबै आयोजनामा पुग्न नसकिएको,

२. आर्थीक वर्षको अन्त्यतिर अनुगमन गर्नुपर्ने आयोजनाहरुको संख्या बढि हुदाँ गहन छलफल गर्न समय नपुग हुने,

३. सबै आयोजनाहरुको सञ्चालनकै समयमा अनुगमन हुन नसकि सम्पन्न भएपछि अनुगमन गर्नुपरेको ।

## ६. अनुगमन गरिएका आयोजना र कार्यक्रमको संख्या:

| क.सं. | आयोजनाको विवरण | अनुगमन आयोजनाको संख्या |
|---|---|---|
| १ | सडक निर्माण/सुधार | ४८ वटा |
| २ | भवन निर्माण/मर्मत | ६ वटा |
| ३ | सिँचाई कुलो निर्माण/मर्मत | ४ वटा |
| ४ | विद्यालय भवत तथा विज्ञान प्रयोगशाला तथा ICT Lab | ७ वटा |
| ५ | पदमार्ग निर्माण/ मर्मत | १६ वटा |
| ६ | झोलुङ्गे पुल निर्माण | ४ वटा |
| ७ | अन्य संरचना तथा कार्यक्रम | ७ वटा |

उपरोक्त तालिका रु तिन लाख भन्दा माथिका अनुदान कायम भएका योजना तथा कार्यक्रमहरु रहेको छ । जसको प्रतिवेदन समेत तयार गरी फरफारक र भुक्तानीका लागि पेश गरिएको छ भने नगरपालिकावाट संचालित अन्य आयोजना तथा कार्यक्रमहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्थलगत अनुगमन छलफल भेटघाट र संचार विधिको प्रयोग गरि अनुगमन गर्ने गरिएको छ ।

## ७. अनुगमनबाट प्राप्त प्रतिफल एवं सवल पक्षहरुः

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

क. स्विकृत भएका सबै आयोजनाहरुलाई कार्ययोजना बनाई कार्यान्वयनमा जाँदा समयसीमा भित्र नै सम्पन्न गरि आर्थीक वर्षको अन्त्यमा पर्ने चाप उल्लेख्य रुपमा घटेको छ ।

ख. वर्षातको समयमा काम नहुदाँ निर्माण कार्यमा गुणस्तरीयता कायम गर्न सहज भएको छ ।

ग. वडा समिति र वडास्तरीय अनुगमन समितिको तर्फबाट आ-आफ्नो वडामा सञ्चालित आयोजनाहरु सम्पन्न गरी समयमा नै फरफारक गराई भुक्तानी लिन विशेष निगरानी र अनुगमन गरिएको छ ।

घ. अनुगमन समिति तथा सरोकारवाला निकायको समन्वयमा नगरका मुख्य बजार केन्द्रहरुमा गरिएको बजार अनुगमनबाट उपभोक्ताहरुमा जनचेतनाको विकास भएको ।

ङ. समयमै गरिएको अनुगमनवाट आयोजना संचालनमा हुन सक्ने त्रृटि संचाउन सहयोग पुगेको छ ।

## ८. अनुगमनका क्रममा देखिएका सुधारात्मक पक्षहरुः

क. केहि आयोजनाहरुमा वालुवाको गुणस्तर नदेखिएकोले सुधार गर्न लगाइएको ।

ख. अदृश्य रुपमा काम सम्पन्न गर्न जिम्मा लगाइने प्रवृति देखिएको ।

ग. प्राविधिक राय सुझाव विना नै कार्य शुरु गर्ने गरेको ।

घ. लागत अनुमान भन्दा भिन्न परिमाण र डिजाइनमा काम गर्ने गरेको ।

ङ. पूर्वाधार निर्माणको काममा दक्ष जनशक्तिको अभाव देखिएको।

च. नगरपालिकावाट अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८० स्वीकृत भई कार्यान्वयमा ल्याइएको छ ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## ९. सुझावहरुः

क. सवै वडाहरुमा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन गरी समिक्षा गर्ने, माइन्यूट गर्ने र नगरस्तरीय अनुगमन समितिलाई प्रतिवेदन परिपाटीलाई कार्यान्वयनमा ल्याउनुपर्ने ।

ख. पूर्वाधार निर्माणमा दक्ष जनशक्तिको अभाव देखिएको हुदाँ सबै वडाबाट निर्माण कार्यसँग सम्बन्धित व्यक्तिहरुलाई यस सम्बन्धी तालिम सञ्चालन हुनुपर्ने ।

ग. स्थानीय तहबाट जुटाइने सहभागितालाई प्रभावकारी परिचालन गराउन जनप्रतिनिधिहरुबाट नै कार्य शुरु गरी थप उत्साहित गराउन सकिने ।

घ. सरकारी र गैरसरकारी निकायबाट वडा स्तरमा सञ्चालन भएका आयोजना/कार्यक्रमको वडास्तरीय अनुगमन समितिले समेत अनुगमन गरी जानकारी गराउनुपर्ने ।

ङ. पूर्वाधार निर्माणको क्रममा उपभोक्ता समिति र निर्माण व्यवसायीलाई निर्माण सामग्री महङ्गो पर्न गएको देखिएकोले स्थानीय स्तरबाट गिट्टीढुङ्गा, वालुवा व्यवस्थापन गर्न आवश्यक सहजीकरण हुनुपर्ने ।

च. निर्माण भईसकेका संरचनाहरु सडक, खानेपानी, सिँचाई आदिमा अर्को योजना निर्माण गर्दा क्षति पुग्ने तथा सडकमा कच्ची नाली र भल व्यवस्थापन राम्रो नभएकोले वर्षातको समय सडक अवरुद्द हुने हुदाँ वडागत मर्मत सुधार कोषबाट सडक हेरालु राख्न कार्यविधिको संशोधन गर्नुपर्ने ।

छ. नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा सञ्चालित भौतिक पूर्वाधार, ICT तथा विज्ञान प्रयोगशाला व्यवस्थापन बाहेकका विद्यालयमा गएका सबै अनुदान विद्यालय सञ्चालनको अवस्था र लगायतका विषयहरुमा सम्बन्धित विषयका व्यक्तिहरुलाई समेटी छुट्टै अनुगमन गर्नुपर्ने ।

ज. जैमिनी नगरपालिका भित्र सबै प्रकारका कार्यक्रमहरू संचालन व्यवस्थापन र उपयोग गर्ने सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सिद्धान्तलाई आत्मसाथ गर्दै पूर्ण क्षमतामा कार्यन्वयन गर्न नगरस्तरिय लैससास नीति निर्देशक समिति गराइ सक्रिय बानउनु पर्ने।

झ. जैमिनी नगरपालिकामा आयोजना तथा कार्यक्रम सञ्चालन गरेका सरकारी तथा गैरसरकारी निकायमा प्रतिनिधि बोलाई छुट्टै समिक्षा वैठक आयोजना गर्नुपर्ने ।

## १०. निश्कर्षः

नागरिकले पाउनुपर्ने सेवा, सुविधालाई नजिकैको इकाईबाट सहज रुपमा प्राप्त हुन सकोस भन्ने मुल उद्देश्यले स्थानीय तहहरुको गठन भई सेवा प्रवाह भइरहेको छ । तोकिएको ऐन, कानुन, कार्यविधि र शर्तहरुको सीमाभित्र रही स्थानीय तहबाट प्रवाह गरिएका सबै प्रकारका सेवा सुविधाहरुमा नागरिकहरुले प्रश्न उठाउने, गुनासो राख्ने, सुझाव दिने परिपाटीको विकासले स्थानीय तहलाई अझै परिष्कृत भई अगाडि बढ्न सहयोग पुग्दछ ।स्थानीय तहबाट सम्पादित सेवाको प्रभावकारीता सम्पन्न पुर्वाधारहरुको दिगोपना, लगानीको मितव्ययीता र पारदर्शिता कायम गर्दै नागरिक प्रतिको उत्तरदायित्व वहन गर्ने कार्यलाई सफल पार्न अनुगमन एक महत्वपूर्ण औजार हो । यस अवधि सम्म अनुगमन तथा सुपरिवेक्षण समितिबाट भएका सबै गतिविधिहरु, प्राप्त सिकाई र अनुभवलाई समेटी अनुगमनको कार्यालाई परिष्कृत गर्दै लागु गर्ने प्रयास गरिनेछ । नगर तथा वडा स्तरीय अनुगमन समिति सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरु, राजनैतिक दल, नागरिक समाज, समाजसेवी एवं वुद्धिजिवीहरुबाट प्राप्त सुझावलाई मनन गरी आगामी दिनहरुमा अनुगमन कार्य अझै गतिशिल प्रभावकारी बनाइनेछ ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

प्रतिवेदन
हरिहर शर्मा
संयोजक
अनुगमन तथा सुपरीक्षण समिति